# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ७ अङ्क ६ असार २०८१


## राष्ट्रिय मानव अधिकार आयोग ऐन संशोधन सम्बन्धमा परामर्श कार्यशाला






राष्ट्रिय मानव अधिकार आयोग ऐनलाई समयसापेक्ष संशोधन र एकीकरण गर्न बनेको प्रस्तावित मस्यौदा विधेयकउपर सरोकारवालाहरूको सुझावसमेत ग्रहण गर्ने उद्देश्यबाट २०८१ जेठ २८ गते नेपालगञ्जमा परामर्श कार्यशाला सम्पन्न भएको छ । आयोगद्वारा आयोजित कार्यशालामा आयोगको तर्फबाट कानून महाशाखाका प्रमुख उपसचिव रमेशकुमार थापाले प्रस्तुतिकरण गर्नुभएको थियो । सो प्रस्तृतिकरणमा प्रस्तावनामा समावेशगर्नुपर्ने आयोगको स्वतन्त्रता, स्वायत्ताको साथै आयोगको काम, कर्तव्य, अधिकारको बारेमा उल्लेख गरिएको थियो । सो मस्यौदाउपर सरोकारवालाहरूले धारणा राख्दै आयोग स्वतन्त्र र स्वायत्त हुनुपर्ने साथै क्षेत्राधिकार नखुम्चने गरी ऐन बन्नुपर्नेमा जोड दियका थिए ।

सो कार्यक्रममा सरकारी र गैरसरकारी संस्था, मानव अधिकार, पेसाव्यवसायको क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि, नागरिक समाजका व्यक्तिहरू, सञ्चारकर्मी गरी ८५ जनाको सहभागिता रहेको थियो । लुम्बिनी प्रदेश सरकारका माननीय उर्जा जलस्रोत तथा



सिचाइँ मन्त्री कृष्णा के सी (नमुना), जिल्ला प्रशासन बाँकेका प्रजिअ, आयोगका सचिव, जिप्रका प्रहरी उपरीक्षक, उच्च सरकारी वकिल कार्यालयका उपन्याधिवक्तालगायतका वक्ताहरूले प्रस्तुतिमाथि आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रम आयोगका



माननीय सदस्य श्री मनोज दुवाडीको प्रमुख आथित्यतामा सम्पन्न भएको थियो । यसै गरी आयोगकै आयोजनामा २०८१ जेठ ३० गते वीरेन्द्रनगर सुर्खेतमा सोही प्रकृतिको कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा सरकारी र गैरसरकारी संस्था, मानव अधिकार, पेसाव्यवसायको क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि, नागरिक समाजका व्यक्तिहरू, सञ्चारकर्मी गरी १२५ जनाको सहभागिता रहेको थियो । आयोगका सदस्य माननीय श्री मनोज दुवाडीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिहरूमा कर्णाली प्रदेश सभा उपसभामुख, अतिथि कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिका सभापति कर्णाली प्रदेश सभा सदस्य माननीयहरू, कर्णाली प्रदेश सरकारका मुख्य न्यायधिवक्ता रहनुभएको भएको थियो । यस्तै कार्यक्रममा आयोगका सचिव श्री मुरारिप्रसाद खरेल, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव प्रमुख जिल्ला अधिकारीको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रस्तुतिमा केन्द्रित रही सहभागीहरूबाट विभिन्न सुझावहरू प्राप्त भएका थिए ।

## सञ्चार र मानव अधिकारसम्बन्धी कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारका विभिन्न विषयअन्तर्गत विषयगत ज्ञान हासिल गर्ने उद्देश्यबाट अनुभवी एवम् विज्ञहरूलाई आमन्त्रण गरी आयोगका माननीय सदस्य र कर्मचारहीहरूबीच ज्ञान आदानप्रदान (knowledge sharing) कार्यक्रम गर्दै आएको छ । यसै सन्दर्भमा आयोगले २०८१ असार ५ गते सञ्चार र मानव अधिकारमा केन्द्रित रही कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा सञ्चार विज्ञ डा. भानुभक्त आचार्यले सहजीकरण गर्नुभएको थियो । सो कार्यक्रममा आचार्यले सञ्चार र मानव अधिकारबीचको सम्बन्ध, अवरोधलगायतका विषयवस्तुमा केन्द्रित रही प्रस्तुतिकरण राख्नुभएको थियो । सञ्चार गर्ने क्रममा अवरोधहरू उत्पन्न हुने हुँदा यस पक्षलाई ध्यानमा राखेर सञ्चार गर्नुपर्नेमा जोड दिँदै पछिल्लो समय नेपाल लगायत विश्वमा नै सञ्चार गृहहरूले समाचार प्रकाशन र प्रशारण गर्दा सञ्चारका सिद्धान्त र सूचनाको हकलाई ध्यान दिन नसक्दा नागरिकले सही सूचना प्रवाह गर्न नसकेको बताउनुभयो ।



यसबाट सञ्चारको बारेको बुझाइमा कठिनाइ देखिएको र संसारमा जति पनि दुःखको सागर छ, त्यो सबै सञ्चार प्रवाहमा देखिने खाडलको कारण हो र यसलाई पहिचान गरी अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो ।

मानव अधिकार र सञ्चारको चर्चा गर्दै सूचना प्रवाह गरी नागरिकलाई सुसूचित गर्ने कार्यबाट सञ्चारकर्मीहरूको दृष्टिकोण र निर्मित समाचारले समुदायमा कस्तो प्रभाव पार्दछ भन्ने कुरा निर्भर गर्दछ । आयोगको पहुँच अभिवृद्धि र मानव अधिकारको प्रबर्द्धनका लागि सञ्चार-माध्यमको महत्वपूर्ण भूमिका रहने उहाँको भनाइ थियो ।



छलफलको क्रममा अहिलेको विद्युतीय प्रविधिलाई मध्यनजर गरी आयोगले आफ्नो सञ्चार रणनीतिलाई समयसापेक्ष अगाडि लैजानुपर्दछ । सञ्चारका उत्तम सबै विकल्पहरू पनि अपनाउनुपर्दछ । पछिल्लो समय विकसित फेसबुक, युटुबलगायतका सञ्जालको प्रयोगलाई प्राथमिकतामा राखेर सञ्चार रणनीति निर्माण गर्नुपर्दछ ।

संस्थाको गतिविधिलाई सङ्क्षेपमा श्रव्यदृष्यमार्फत प्रशारण गर्दा प्रभावकारी हुन्छ । कुनै पनि समाचारको निश्चित आयु हुनाले सही समयमै सूचना प्रवाह गर्नुपर्दछ । प्रस्तुतिको क्रममा कस्ता सूचना बनाउने, कसरी बनाउने, सूचना कसरी प्रवाह गर्ने भन्ने आदि विषयमा संस्थाले निर्देशिका बनाएर कामकारबाही गर्दा एकरूपता आउनुको साथै प्रभावकारी हुन्छ । पत्रकार सम्मेलनमा कम सूचना बढी अन्तरक्रियाले समाचारका विविध कोणलाई उजागर गर्न मद्दत मिल्दछ । सूचना प्रवाह गर्दा पदाधिकारीको हैसियत र विषयवस्तुको गाम्भीर्यताले पनि समाचार प्रवाहमा प्रभाव पार्दछ । यस पाटोलाई आयोगले ध्यान दिनुको साथै सिद्धान्त र व्यवहारलाई जोडेर सूचना प्रवाह गर्नुपर्दछ भन्नेमा उहाँको जोड थियो । कार्यक्रममा आयोगका माननीय सदस्य, सचिवसहित कर्मचारीहरूको सहभागिता रहेको थियो । प्रदेश कार्यालय र प्रदेश शाखा कार्यालयमा कार्यरत कर्मचारीहरूले विद्युतीय माध्यमबाट उपस्थिति जनाउनु भएको थियो ।

## सङ्क्रमणकालीन न्यायका सम्बन्धमा आयोगबाट हालसम्म भएका प्रयास र सुझाव सम्बन्धमा

### १. आयोगबाट हालसम्म भएका प्रयासहरू

### पत्रकार मित्रहरू,

व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको सनिश्चितता गर्ने संवैधानिक दायित्व राष्ट्रिय मानव अधिकार आयोगलाई रहेको छ । नेपालमा वि.सं. २०६३ मङ्सिर ५ गते तत्कालिन द्वन्द्वरत पक्षबीच बिस्तृत शान्ति सम्झौता भएको थियो । जसले वि.सं. २०५२ सालदेखि २०६३ सम्म भएको सशस्त्र द्वन्द्वको कारण भएका मानव अधिकारका गम्भीर उल्लंघनका घटनाहरूलाई सम्बोधन गर्न मार्ग प्रशस्त गऱ्यो । यस सन्दर्भमा आयोगले सशस्त्र द्वन्द्व-पीडितहरूको मानव अधिकार संरक्षणार्थ निरन्तर कार्य गर्दै आइरहेको छ ।



आयोगले सशस्त्र द्वन्द्वको अवधिमा मानव अधिकार अवस्थाको अनुगमन गर्ने, अनुसन्धान गर्ने, सशस्त्र द्वन्द्वको अन्त्य गर्न तत्कालिन द्वन्द्वरत पक्षलाई प्रतिबद्ध हुन आग्रह गरेको थियो । आयोगले बिस्तृत शान्ति सम्झौताको बुँदा नं. ९.४ मा उल्लिखित कार्यादेशबमोजिम बिस्तृत शान्ति सम्झौता सम्पन्न भएको मितिदेखि नै मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरी प्राप्त तथ्यहरूको आधारमा

नेपाल सरकारसहित सम्बन्धित सरोकारवालासमक्ष सुझाव दिनुको साथै सिफारिसहरू गर्दै आइरहेको छ ।



सो क्रममा आयोगले नेपाल सरकार, प्रमुख राजनीतिक दलहरू, नागरिक समाज र पीडितहरूको उल्लेख्य उपस्थितिमा उच्चस्तरीय अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा नेकपा (माओवादी)-का अध्यक्ष, नेपाली काङ्ग्रेसका सभापति र नेपाल कम्युनिष्ट पार्टीका उच्चस्तरीय नेताबाट सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याइ पीडितलाई न्याय दिने प्रतिबद्धता व्यक्त भएका थिए । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सात प्रदेशमा आयोजना भएका सङ्क्रमणकालीन न्यायसम्बन्धी कार्यक्रमहरूको आयोगले पर्यवेक्षण गरेको छ ।सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन आयोगले प्रेस-विज्ञप्ति, पत्राचार तथा आफ्ना धारणा सार्वजनिक गर्दै पटक-पटक नेपाल सरकार तथा सम्बन्धित सरोकारवालालाई ध्यानाकर्षण गराउँदै आइरहेको छ । यस क्रममा आयोगले गम्भीर प्रकृतिका बेपत्ता, गैरन्यायिक हत्या, अपहरण, यातना, बलात्कार तथा यौन हिंसासम्बन्धी मुद्दामा आममाफी दिने कार्य नगर्न नगराउन, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई मानव अधिकारका अन्तर्राष्ट्रिय सिद्धान्त, सर्वोच्च अदालतको आदेश र यस आयोगको सिफारिसबमोजिम संशोधन गर्न र आममाफीको धारणा आयोगलाई स्वीकारयोग्य हुन नसक्ने लगायतका धारणा आयोगले सार्वजनिक गर्दै आइरहेको छ ।

**पत्रकार मित्रहरू,**



आयोगले विभिन्न राष्ट्रिय छलफल तथा अन्तर्राष्ट्रियस्तरमा गरिएको अध्ययनको आधारमा तयार पारिएको धारणा चौथो पटक मिति २०८० साउन १८ गते कानुन, न्याय तथा मानव अधिकार समितिअन्तर्गतको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई (तेश्रो संशोधन) गर्न बनेको विधेयकमाथि दफावार छलफल गर्न गठित उपसमिति समक्ष पेश गरेको छ । पेश गरिएका धारणाका मुख्य बुँदाहरू सत्य अन्वेषण तथा छानबिन, न्याय तथा अभियोजन, परिपूरण, आममाफी लगायत ११ वटा रहेका थिए । यी सबै विषयहरूलाई समेटी यस आयोगले तयार गरेको प्रतिवेदन आजै सार्वजनिक गरिएको छ । जसले संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउने सन्दर्भमा मुख्य रुपमा निम्न सुझावहरू मिति २०८१/३/२१ मा नेपाल सरकार र संसद्समक्ष पठाइसकेको छ ।

## २. सुझावहरू

संसदको कानुन, न्याय तथा मानव अधिकार समितिबाट गठित उपसमिति निर्णयमा पुग्न नसकी शीर्ष नेतृत्वबाट

निर्णय गर्न भनी दिएको **प्रतिवेदनमा उल्लेख भएका ४ वटा विषयहरूमा** आयोगको निम्न धारणा रहेको छ :

२.१) मानव अधिकारको गम्भीर उल्लंघन भन्नाले सशस्त्र द्वन्द्वको क्रममा सशस्त्र द्वन्द्वमा संलग्न रहेको वा नरहेको निशस्त्र व्यक्ति, जनसमुदाय वा त्यस्तो द्वन्द्वका पक्षहरूबीच भएको भिडन्तमा संलग्न नरहेको व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वको कुनै पक्षले जानी जानी गरेको सहयोग, समर्थन वा उक्साहटमा अन्य कसैबाट गरिएको देहायको कुनै कार्यलाई सम्झनुपर्छः

(क) हत्या

(ख) बलपूर्वक बेपत्ता

(ग) अपहरण तथा शरीर बन्धक गरी बेपत्ता

(घ) यातना दिने कार्य

(ङ) जर्बजस्ती करणी वा अन्य यौनजन्य हिंसा गर्ने

(च) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुन विपरीत गम्भीर किसिमका अमानवीय कार्य वा मानवताविरुद्धका अन्य अपराध

## २.२) सशस्त्र द्वन्द्वको क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने ?

बिस्तृत शान्ति सम्झौतापछि पनि सशस्त्र द्वन्द्वको क्रममा बिछ्याइएका बम विष्फोट भई शान्ति सम्झौतापछि मृत्यु वा घाइते भएका, प्रभावित भएका, सशस्त्र द्वन्द्व अवधिमा बेवारिसे बमबाट घाइते भएका तथा जीवन गुमाएका व्यक्तिहरू, आन्तरिक रूपमा विस्थापित भई गुमेको सम्पति हालसम्म पनि प्राप्त गर्न नसकेका व्यक्ति वा परिवारहरू, बर्हिगमित बालसैन्यहरू, सशस्त्र द्वन्द्वकै कारण शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्तिहरूलगायतका समुदायको समस्या समाधानको लागि ऐनबाट नै सम्बोधन गरी सो कार्य गर्न सत्य निरुपण तथा मेलमिलाप आयोगमा संरचनागत व्यवस्था हुनुपर्दछ ।

## २.३) मानव अधिकार उल्लङ्घनको घटनामा मेलमिलापको लागि स्वतन्त्र सहमति नभएमा के गर्ने ?

मानव अधिकार उल्लङ्घनको घटनामा पीडितको स्वतन्त्र सहमति नभएमा माफी मिनाहा, क्षमा वा मेलमिलाप सम्बन्धमा क्षमादान दिँदा पीडितहरूसँग अनिवार्य र स्वतन्त्र रूपमा सहमति लिन, गम्भीर प्रकृतिका अपराध, मानवताविरुद्धको अपराध र युद्ध अपराधमा क्षमादान नहुने सुनिश्चितता गर्न दिइएको सुझावमा आयोग कटिबद्ध छ ।



मानव अधिकारको गम्भीर उल्लङ्घन ठहर भएका मुद्दाहरूमा कुनै पनि अवस्थामा क्षमा दिन नसकिने भनी दिइएको सुझाव, आयोगले मिति २०७४ माघ २२ गते सार्वजनिक गरेको धारणामा 'गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका मुद्दाहरू जस्तै– बेपत्ता, गैरन्यायिक हत्या, अपहरण, यातना, बलात्कार तथा यौन हिंसासम्बन्धी मुद्दामा आममाफी दिने कार्य नगर्न/नगराउन भनी उल्लेख भएको छ ।

साथै मिति २०७६ असोज ९ गते आममाफी स्वीकारयोग्य हुन नसक्ने भनी सार्वजनिक भएको धारणा र २०८० साउन १८ गते कानुन, न्याय तथा मानव अधिकार समितिबाट बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक सम्बन्धमा गठित उपसमितिलाई दिइएको सुझावसमेतको आधारमा मानव अधिकार उल्लङ्घनको घटनामा मेलमिलापको लागि स्वतन्त्र सहमति हुन नसकेमा प्रचलित

कानुनबमोजिम कानुनी कारबाही हुन उपयुक्त हुने आयोगको धारणा रहेको छ ।

### २.४) घटी सजायका सम्बन्धमा आधार र कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोकेर जाने भन्ने विषय

यस विषयमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) ऐन, २०७१ को संशोधन विधेयकमा यसअघि दिएको सुझावमा मानव अधिकारको गम्भीर उल्लङ्घनको ठहर भएका व्यक्तिको हकमा प्रचलित कानुनमा उल्लेख भएको कम्तिमा २५ प्रतिशत सजाय भुक्तान गरेको हुनुपर्नेछ भनी सुझाव दिइसकेको हुँदा सोहीबमोजिम प्रतिशत तोकेर जान उपयुक्त हुने आयोगको धारणा रहेको छ ।

उल्लिखित सुझावहरूसँगै आयोगले सङ्क्रमणकालीन न्यायिक प्रक्रियालाई सही ढङ्गबाट निष्कर्षमा पुऱ्याउने सन्दर्भमा अन्तर्राष्ट्रिय अभ्यास, सर्वस्वीकार्य मानव अधिकार तथा मानवीय कानुनको मर्म र भावनाबमोजिम प्रकाशित प्रतिवेदनमा १९ बुँदामा नेपाल सरकारसमक्ष थप निम्न सुझाव तथा सिफारिसहरू पठाएको छ । जसमा रहेका सुझावको सार देहायबमोजिम रहेका छन् :

- आयोगले दोषी ठहर गरेका व्यक्तिहरूलाई कारबाही नहुँदा दण्डहीनताको प्रवृत्तिले प्रश्रय पाइरहेको हुँदा आयोगका सिफारिस कार्यान्वयन गरी कानुनी शासन र मानव अधिकार प्रचलनको प्रत्याभूति गर्न आयोगले प्रस्तुत गरेका सुझावअनुसार कानुनमा परिमार्जन गर्न,
- सत्यको खोजी तथा अभिलेखीकरण, न्याय, परिपूरण तथा संस्थागत सुदृढीकरण भएमा पीडितले न्यायको अनुभूत गर्नसक्ने हुँदा सो सम्बन्धी कानुनी र संरचनागत व्यवस्थाको सुनिश्चित गरी कार्यान्वयन गर्न,
- बिस्तृत शान्ति सम्झौता बमोजिम मानव अधिकारको गम्भीर उल्लङ्घनलाई सङ्क्रमणकालीन न्यायको क्षेत्राधिकारभित्र राखी सङ्क्रमणकालीन न्यायको क्षेत्राधिकार र प्रक्रियामा रहेको अन्यौलताको अन्त्य गर्न,
- सर्वोच्च अदालतबाट भएका आदेश, राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिस र संयुक्त राष्ट्रसङ्घीय संयन्त्रबाट दिएका सुझावलाई दृष्टिगत गरी  कानुन तर्जुमा गर्न र त्यसको कार्यान्वयन गर्न,
- बेपत्ता, गैरन्यायिक हत्या, अपहरण, यातना, बलात्कार तथा यौन हिंसा सहित युद्ध अपराध र मानवताविरुद्धका
- मुद्दामा क्षमादान दिने, त्यस्ता मुद्दाको खारेजी गर्ने वा आममाफी दिने कार्य नगर्न/नगराउन, युद्ध अपराध तथा मानवताविरुद्धको अपराधमा संलग्न दोषीलाई हदम्यादको सीमामा नरही कारबाहीको दायरामा ल्याउन स्पष्ट कानुनी व्यवस्था गर्न,
- गम्भीर मानव अधिकार उल्लङ्घन गर्ने बाहेकका पीडकलाई क्षमादान दिने वा नदिने भन्ने कुरा पीडितको स्वतन्त्र सहमतिमा मात्रै हुने व्यवस्था गर्न,
- दुवै आयोगमा सङ्क्रमणकालीन न्यायका सिद्धान्तप्रति प्रतिबद्ध एवम् पीडितमैत्री भई दोषीलाई कारबाही तथा पीडितलाई न्याय प्रदान गर्नसक्ने सक्षम नेतृत्वको नियुक्त गर्न,
- विद्यमान ऐनमा संशोधन हुन नसकेमा सङ्क्रमणकालीन न्यायिक संयन्त्रहरूले विश्वसनीयता र वैधता प्राप्त गर्न नसक्ने हुँदा शीघ्र ऐन संशोधन प्रक्रिया टुङ्ग्याएर मात्र सङ्क्रमणकालीन न्याय संयन्त्र गठन गरी कार्य अघि बढाउने वातावरण सिर्जना गर्न,
- बेपत्ता पारिएका व्यक्तिको हकमा निजको परिवारका हकवालालाई अनुपस्थित प्रमाणपत्र प्रदान गर्ने कानुनी व्यवस्था गरी सम्पत्ति हस्तान्तरण हुने व्यवस्था गर्न,
- छानबिन प्रक्रियामा पीडित र साक्षीको सुरक्षा र संरक्षणका लागि विशेष प्रबन्ध गर्न र

- पीडितको तथ्याङ्क सङ्कलन र परिपूरण उपलब्ध गराउन तीनै तहको सरकारबीच विशेष संयन्त्र स्थापित गरी समन्वय गर्न । धन्यवाद !

## संयुक्त राष्ट्रसङ्घीय प्रणालीमा मानव अधिकार संस्थाहरूको भूमिका



नेपालको तर्फबाट संयुक्त राष्ट्रसङ्घीय सीड कमिटी (Committee on the Elimination of Discrimination against Women) का सदस्य बन्दना राणाले सीड कमिटीको आवधिक समीक्षामा मानव अधिकार संस्थाहरुको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभएको छ । आयोगले मिति २०८१/०३/३१ गते आयोगकै सभाहलमा आयोजित Knowledge Sharing कार्यक्रममा उक्त कुरा उल्लेख गर्नुभएको हो ।

कार्यक्रममा उहाँले महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यको लागि सीड कमिटिको भूमिका महत्वपूर्ण हुने र उक्त कमिटिमा सीड (CEDAW) सदस्य राष्ट्रको हैसियतले सरकार र मानव अधिकार संस्थाहरुले पेश गर्ने प्रतिवेदनहरु Evidence based र Critical report भएमा सीड कमिटिले प्राथमिकतामा राखी आवश्यक सुझावहरु दिने गरेको बताउनुभयो । कार्यक्रममा उहाँले कमिटिमा रहेर काम गर्दा आफूले प्राप्त गरेको अनुभव आयोगका कर्मचारीहरुसँग साटासाट (Share) गर्नुभएको थियो । उहाँ हाल तेश्रो कार्यकालको लागि नेपालको तर्फबाट निर्वाचित हुनुभएको छ ।

मानव अधिकारका नबिनतम् बिषयहरुमा कर्मचारीहरुलाई प्रशिक्षित गरी क्षमता अभिवृद्धि गर्ने अभिप्रायले आयोगको समन्वय बिभागले मानव अधिकारका बिभिन्न क्षेत्रहरुमा लामो अनुभव सम्हालेका बिज्ञहरुको Knowledge Sharing कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । कार्यक्रममा आयोगका मा.सदस्यहरु सुर्यप्रसाद शर्मा ढुङ्गेल र लिली थापा लगायत आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो । आयोगको प्रदेश तथा शाखा कार्यालयका कर्मचारीहरु भर्चुअल माध्यमबाट कार्यक्रममा जोडिनुभएको थियो ।

## राष्ट्रिय मानव अधिकार आयोग स्थापनाको २४ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न



राष्ट्रिय मानव अधिकार आयोग स्थापनाको २४ औं वार्षिकोत्सव कार्यक्रम २०८१ जेठ १३ गते एक समारोहबिच आयोगको परिसरमा सम्पन्न भएको छ । आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा भएको उक्त कार्यक्रममा नेपाल सरकारका माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै कार्यक्रममा प्रमुख अतिथि तथा माननीय कानुन मन्त्री पदम गिरीले आयोगको स्वतन्त्रता र स्वायत्तत्तालाई अविच्छिन्न राख्दै संस्थागत र संरचनागत क्षमता अभिबृद्धि गर्न नेपाल सरकार प्रवितद्ध रहेको बताउनुभयो । साथै, मानव अधिकार मानवीय जीवनका बहुआयामिक पक्षहरुसँग सम्बन्धित रहेकोले बृहत र सुक्ष्म अनुसन्धान गर्दै त्यसको विश्लेषणका आधारमा कार्यान्वयन गर्दै लैजानुपर्ने बताउनुभयो ।

कार्यक्रममा संवैधानिक निकायका प्रमुख एवं सदस्यहरु, आयोगका माननीय सदस्यहरु, आयोगका पुर्व अध्यक्ष एवं सदस्यहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, नेपाल सरकारका उच्चपदस्थ कर्मचारीहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, कुटनैतिक निकायका प्रमुख तथा प्रतिनिधिहरु, गैसस महासंघका अध्यक्ष, नागरिक समाज, मानव अधिकारकर्मीहरु, सञ्चारकर्मीहरु लगायतको उल्लेख्य सहभागिता रहेको थियो ।

आयोगका माननीय सदस्य मनोज दुवाडीको स्वागत तथा मानव अधिकार अधिकृत दुर्गा पोखरेलको सञ्चालनमा सम्पन्न उक्त कार्यक्रममा आयोगका पुर्व सदस्य डा. गौरीशंकर लालदासज्यूलाई शताब्दी पुरुषको सम्मान सहित उहाँले आफ्नो जीवनकालमा मानव अधिकारको क्षेत्रमा पुर्‍याउनुभएको योगदानको कदरस्वरुप सम्मान गरिएको थियो । त्यसैगरि वार्षिकोत्सवको अवसरमा प्रत्येक वर्ष आयोगका कर्मचारीलाई प्रदान गरिने मानव अधिकार सेवा पुरस्कार प्रदान गर्नुका साथै आयोगमा पन्ध्र वर्ष वा सो भन्दा बढी सेवा गर्ने कर्मचारीहरुलाई सम्मान गरिएको थियो । सोही अवसरमा राउटे समुदायका नागरिकहरुको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन २०८१ को विमोचनसमेत गरिएको थियो ।

## मानव अधिकार संवाहकको समीक्षा कार्यक्रम



आयोगबाट प्रकाशित हुँदै आएको मानव अधिकार संवाहकको गुणस्तर अभिबृद्धि गर्ने उदेश्यले लेखक तथा पत्रकारहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम २०८१ जेठ ०८ गते काठमाडौंको नयाबानेश्वरस्थित अल्फा हाउसमा सम्पन्न भएको थियो । कार्यक्रममा संवाहकको सकारात्मक पक्ष र सुधार गर्नुपर्ने पक्षहरुको बिषयमा समीक्षा भएको थियो ।

समीक्षा कार्यक्रममा कार्यक्रम आयोगका उपसचिव तथा संवाहक सम्पादन समिति सदस्य अनिशकुमार पौडेलबाट प्रस्तुत “The Journey of Human Rights Journal ‘Sambahak’: for better human rights research and promotion” बिषयक प्रस्तुतिकरणमा आधारित रहेर छलफल तथा अन्तरक्रिया भएको थियो । छलफलको क्रममा उपस्थित बिज्ञहरुबाट बिभिन्न रचनात्मक सुझावहरु प्राप्त भएका थिए । संवाहकलाई जर्नलको रुपमा परिस्कृत गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रचलित न्यूनतम मापदण्ड र स्तरीयता कायम गर्नुपर्ने कुरामा सबैको साझा सुझाव रहेको थियो । अन्य सुझावहरुमा संवाहक (जर्नल) का प्रकाशन सामाग्रीहरुलाई Doi र Nepjol जस्ता मापदण्डमा सुचिकृत गर्न, Peer review र Plagiarism check गरी प्रकाशन गर्न, लेखहरुको लेखन ढाँचा र उद्धरण मा एकरुपता ल्याउनुपर्ने लगायतका सुझावहरु प्राप्त भएका थिए ।

कार्यक्रम आयोगका सचिव मुरारिप्रसाद खरेलको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा विश्वविद्यालयका प्राध्यापक, संवाहका लेखक, अनुसन्धानकर्ता, भूतपूर्व कर्मचारी, पत्रकार र आयोगका कर्मचारीहरुको सहभागीतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

## अपाङ्गता अधिकार संरक्षणका लागि पहल



अपाङ्गता अधिकार संरक्षणको लागि अपाङ्गता नियमावली कार्यान्वयनको माग राख्दै महिला बालबालिका तथा

समाज कल्याण मन्त्रालय वीच भएको सम्झौता पुरा नभए पछि रत्नपार्कको शान्ती बाटिका देखि माईती घर जाने क्रममा पर्यटन बोर्ड अगाडि प्रदर्शनरत अपाङ्गता भएका व्यक्तिहरु र प्रहरीबीच भएको भनिएको झडपको सम्बन्धमा गृहमन्त्रालयका प्रबक्ता, काठमाडौँ जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि वीच आयोगका माननीय सदस्य सूर्य ढुङ्गेलको अध्यक्षता, विभागीय प्रमुख र महाशाखा प्रमुख वीच परामर्श बैठक मिति २०८१/२/११ गते सम्पन्न भएको थियो ।

कार्यक्रममा आयोगका माननीय सदस्य डा सूर्य ढुङ्गेलले कार्यक्रमलाइ सम्वोधन गर्दै मानव अधिकार रक्षकको भुमिका बारे सबै मन्त्रालयले अध्ययन गर्न जरुरी रहेको आयोगले बृहत र गहन अध्ययन नगरिकन आयोगले कुनै निर्देशन नदिने बताउनु भयो । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षणका लागि राज्यले सदैव संबेदनशील भएर कार्य गर्नु पर्ने आगामी दिनमा बल प्रयोगका घटनाहरु घट्न नदिन विषयमा जोड दिनु पर्ने राज्यका नीति, योजना, कार्यक्रम र बजेटको प्राथमिकतामा राखेर अपागता अधिकार संरक्षण गर्न जोड दिनु पर्ने कुरामा जोड दिनुभएको थियो ।

## सिसडोल र बञ्चरे डाँडाको अनुगमन



फोहोरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ वातावरण कायम गर्न फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गर्नु स्थानीय तहको मुख्य जिम्मेवारी हो । काठमाडौँ उपत्यका लगायतका जिल्लाहरुको फोहोर बिसर्जन स्थलको रुपमा विगत १८ वर्षदेखि प्रयोगमा आएको नुवाकोटको सिसडोल र बञ्चरे डाँडामा फोहोर व्यवस्थापनका अवस्थित संरचना पनि प्रयोगहीन भएको हुँदा यसले सिसडोल क्षेत्र र बञ्चरे डाँडाको वातावरण र स्थानीयको स्वास्थ्यमा प्रतिकूल असर गरेको, फोहोरको वर्गिकरण नगरी लाँदा ल्याण्डफिल साइडमा श्रमीक हरु पुन:प्रयोगमा आउने फोहोर, विना सुरक्षाका उपकरण फोहोर उठाईरहेको हुँदा व्यवस्थित र वैज्ञानिक तवरबाट फोहोरमैला व्यवस्थापन नभएको सूचनामा आधारित रही मिति २०८१।०२।०६ गते आयोगका माननीय सदस्य डा.सूर्य ढुंगेलज्यूको नेतृत्वमा अन्य सघ संस्था, FHI360, खाली सिसिसहितको टोलीले अनुगमन सम्पन्न गरेको थियो ।

सिसडोल र बञ्चरे डाँडामा अव्यवस्थित रुपमा बिसर्जित फोहोरको कारण उक्त स्थलका स्थानीय बासिन्दाको स्वास्थ्यमा असर परेको तथा समग्र सिसडोल र बञ्चरे डाँडाको वातावरण नकारात्मक रुपमा प्रभावित भएको अवस्थाको स्थलगत अनुगमन गर्नु, उक्त स्थलका स्थानीय बासिन्दाको स्वास्थ्यमा परेको असर कम गर्न सरकारलाई सिफारिश गर्नु र विभिन्न संघ संस्थासँगको समन्वय र सहकार्यमा डकुमेन्ट्री तयार गर्नु यस अनुगमनको उद्देश्य रहेको थियो ।

## विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सरोकारवाला निकायसँग छलफल



बर्षा समयसगैं नेपालमा बाढी र पहिरोको जोखिम अत्यन्त बढीरहेकोले बर्षेनी कयौ व्यक्ती ज्यान धनको क्षति भइरहेको कुरालाइ मध्यनजर गरी राष्ट्रिय मानव अधिकार अयोगले मिति २०८१ असार २ गते विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धमा सरोकारवाला

सरकारी निकायसँग परामर्श बैठक गरेको छ । विपद्‌जन्य घटनाको न्यूनीकरण पूर्व तयारी, पूर्व सूचाना प्रणाली,प्रतिकार्य,खोज,उद्दार,राहत,पुनस्थापना आदि कार्यमा मानव अधिकार परिपालना, सुरक्षाकमीलाइ तालिम तथा उपकरण, सो विषयमा देखिएका चुनौतीका विषयमा परामर्श गरिएको थियो । माननीय कार्यवाहक अध्यक्ष डाासंर्य ढुङ्गेलको अध्यक्षतामा भएको बैडकमा आयोगका सचिव, सहसचिव,गृह मन्त्रालय,विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाली सेना,नेपाल प्रहरी र रडक्रसका प्रमुख तथा प्रतिनिधिको उपिस्थति रहेको थियो ।

## आयोगको सञ्चार रणनीतिउपर छलफल तथा सुझाव सङ्कलन

राष्ट्रिय मानव अधिकार आयोगको सञ्चार रणनीतिको मस्यौदाउपर २०८१ असार २ गते आयोगका कर्मचारीहरू र असार ७ गते बाह्य सरोकारवालासँग छुट्टाछुट्टै रूपमा छलफल तथा सुझाव सङ्कलनसम्बन्धी दुई वटा कार्यक्रम सम्पन्न भएका छन् । आयोगको सञ्चार प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाउन सञ्चार रणनीति निर्माणमा सहयोग पुऱ्याउन सुझाव सङ्कलन गर्नु कार्यक्रमको उद्देश्य रहेको थियो । सञ्चार विज्ञ चुनबहादुर गुरुङले रणनीतिको मस्यौदा प्रस्तुत गर्नुभएको थियो ।

छलफलमा सहभागीहरूले यसअघि आयोगबाट निर्माण गरिएका सञ्चारसँग सम्बन्धित नीतिलगायतका विषयलाई आधार मानेर रणनीति निर्माण गर्नुपर्ने, विद्युतीय प्रविधिको विकाससँगै परिवर्तन भएको सञ्चारका पक्षलाई मध्यनजर गरी आयोगले सञ्चार रणनीतिको निर्माण गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

यसै गरी युट्युब, फेसबुक, ट्वीटरलगायतका सामाजिक सञ्जालको प्रभावकारी प्रयोगलाई प्राथमिकता दिनुपर्ने, आयोगबाट प्रकाशन हुने प्रतिवेदन, पुस्तक लगायतका सूचनाहरू सबै समुदायको पहुँचमा पुग्ने गरी स्थानीय भाषामा प्रकाशन गर्नुपर्ने, सञ्चार संस्थाहरू र सञ्चारकर्मीहरूसँग निरन्तर संवाद र छलफल गर्नुपर्ने उहाँहरूको भनाइ थियो । आयोगको आन्तरिक र बाह्य सञ्चार प्रक्रियालाई स्पष्ट बनाइ कार्यान्वयनमा जोड दिनुपर्ने भनी सहभागीहरूबाट सुझावहरू प्राप्त भएका छन् ।

दुवै कार्यक्रमहरू आयोगका सचिव मुरारिप्रसाद खरेलको अध्यक्षतामा सम्पन्न भएका थिए । आन्तरिक कार्यक्रममा आयोगका कर्मचारीहरूको सहभागिता रहेको थियो । बाह्य कार्यकममा स्वतन्त्र, छापा र विद्युतीय सञ्चारमाध्यमा कार्यरत सञ्चारकर्मी एवम् सञ्चार क्षेत्रसँग सम्बन्धित सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## आ.व. २०८०/०८१ को अन्त्यसम्म प्रकाशित प्रेस विज्ञप्ति/प्रेस नोट

| क्र.स. | प्रेस विज्ञप्तिको शीर्षक |
|---|---|
| १ | रोम विधान अनुमोदन गर्न आयोगको आग्रह |
| २ | आप्रवासी कामदारहरुको प्रस्थान अनुमतिमा लगाईएको रोकप्रति आयोगको गम्भीर ध्यानाकर्षण |
| ३ | न्यायालयहरुमा समयमै न्यायाधीश नियुक्ति गर्न आग्रह |
| ४ | चिया बगानमा कार्यरत श्रमिकहरुको अधिकार सुनिश्चित गर्न आग्रह |
| ५ | लम्पी स्किनको रोकथाम र नियन्त्रण प्रभावकारी ढङ्गले गर । |

| | |
|---|---|
| ६ | मानव अधिकार रक्षकमाथि भएको आक्रमण तथा दुर्व्यवहारप्रति आयोगको गम्भीर ध्यानाकर्ष घटनाको प्रभावकारी छानविन गरी दोषीलाई कानुनी दायरामा ल्याउन आयोगको आग्रह |
| ७ | नागरिकहरुको अधिकारप्रति संवेदनशील बन |
| ८ | डेङ्गु रोग नियन्त्रणमा संवेदनशील बन । नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित गर । |
| ९ | अनशनरत व्यक्तिहरुको मानव अधिकारको रक्षा गर । |
| १० | बालसुधार गृहमा भएको घटनाको अनुसन्धान प्रारम्भ |
| ११ | सामाजिक सद्भाव कायम राख्न आयोगको अपिल<br>वार्ताको माध्यमबाट समस्याको समाधान खोज । |
| १२ | *सन्दर्भ : बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिन (अगष्ट ३०)*<br>बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर । |
| १३ | आयोगका पदाधिकारी र प्रधानमन्त्रीबिच भेटघाट तथा छलफल<br>पेरिस सिद्धान्त बमोजिम हुने गरी नयाँ ऐन निर्माण गर्ने प्रतिबद्धता |
| १४ | राष्ट्रसंघीय निकाय तथा कुटनीतिक नियोगहरुसँग छलफल<br>मानव अधिकारको संरक्षण र संबर्द्धनमा सहकार्य र सहयोगको प्रतिबद्धता |
| १५ | संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको निधनप्रति आयोगद्वारा गहिरो दु:ख व्यक्त |
| १६ | आयोगका पदाधिकारीहरुबाट सम्माननीय राष्ट्रपतिसँग भेटघाट |
| १७ | देशका विभिन्न भागमा घटेका घटना र अभिव्यक्तिप्रति आयोगको गम्भीर ध्यानाकर्षण<br>छानविन गरी दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह |
| १८ | दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याऊ<br>स्वास्थ्यको अधिकार सुनिश्चित गर । |
| १९ | विद्यालय शिक्षासम्बन्धी समस्या वार्ताको माध्यमबाट यथाशीघ्र समाधान गर ।<br>बालबालिकाको पठनापाठनको अधिकारप्रति संवेदनशील बन । |
| २० | बालसुधार गृहहरुमा देखिएको समस्याप्रति आयोगको गम्भीर ध्यानाकर्षण<br>आयोगबाट देशभरका सबै बाल सुधार गृहको अनुगमन शुरू । |
| २१ | धर्नामा रहेका 'ई' को स्वास्थ्य अवस्थाप्रति संवेदनशील बन ।<br>वार्ताको माध्यमबाट यथाशीघ्र समस्याको समाधान गर । |
| २२ | चिकित्सकमाथि आक्रमण तथा कुटपिटका घटनाहरु बन्द गर<br>अन्यावश्यकीय स्वास्थ्य सेवा बन्द नहुने वातावरण बनाऊ । |
| २३ | जेष्ठ नागरिकहरुको अधिकारको सुनिश्चित गर । |
| २४ | धार्मिक एवम् सामाजिक सद्भाव कायम गर्न आयोगको अपिल |

| | |
|---|---|
| २५ | कैद माफी मिनाहा सम्बन्धमा प्रधानमन्त्रीलाई आयोगको पत्राचार |
| २६ | आयोगका पदाधिकारी सहितको टोलीद्वारा संघीय संसदका सम्माननीय सभामुख देवराज घिमिरेसँग |
| २७ | मानसिक स्वास्थ्यसम्बन्धी उपचार सर्वसुलभ र गुणस्तरीय बनाऊ । *सन्दर्भ : ३१औँ विश्व मानसिक स्वास्थ्य दिवस (अक्टोबर १०)* |
| २८ | इजरायलमा भएको घटनाप्रति आयोगको गम्भीर चासो |
| २९ | राष्ट्रिय मानव अधिकार आयोगको काम कारबाही तथा भावी योजनासम्बन्धमा छलफल |
| ३० | दशैं बिदामा आयोग खुला रहने |
| ३१ | तिहार तथा छट बिदामा आयोग खुला रहने |
| ३२ | भूकम्प प्रभावित जिल्लाहरुको आयोगद्वारा अनुगमन राहत वितरण कार्य प्रभावकारी बनाऊ |
| ३३ | बाल अधिकारको सुनिश्चितता गर्न आग्रह । *सन्दर्भ : अन्तर्राष्ट्रिय बाल अधिकार दिवस (नोभेम्बर २०)* |
| ३४ | विस्तृत शान्ति सम्झौताको १७ वर्ष पुरा सङ्क्रमणकालीन न्यायको सम्बोधन गरी शान्ति प्रक्रियालाई शीघ्र टुङ्गोमा पुर्‍याउन आग्रह |
| ३५ | प्रदर्शनलाई शान्तिपूर्ण बनाउन एवम् शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था गर्न आग्रह । |
| ३६ | प्रदर्शनको मानव अधिकार आयोगद्वारा अनुगमन प्रर्दनलाई शान्तिपूर्ण र संयमित बनाउन आग्रह । |
| ३७ | घृणायुक्त अभिव्यक्ति बन्द गर अनावश्यक बल प्रयोग नगर । |
| ३८ | अपाङ्गमैत्री वातावरण निर्माण गर्न आग्रह । |
| ३९ | आयोगको धारणा |
| ४० | आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश । |
| ४१ | रूस र युक्रेन बिचको युद्धमा परेका नेपाली नागरिकहरुको उद्धार गर । |
| ४२ | आप्रवासी श्रमिकहरुको अधिकार संरक्षणमा गम्भीर बन *सन्दर्भ : अन्तर्राष्ट्रिय आप्रवासन दिवस ( डिसेम्बर १८)* |
| ४३ | बालकुमारीमा भएको झडपमा दुई जनाको मृत्यु भएको भनिएको घटनाको आयोगद्वारा अनुगमन शुरू |
| ४४ | आयोगका पूर्वसदस्य श्री गोकुल पोखरेलको निधनप्रति आयोगद्वारा शोक व्यक्त |
| ४५ | वातावरणीय मानव अधिकार रक्षकहरुको सम्मेलन घोषणापत्र जारी गर्दै सम्पन्न |
| ४६ | सर्लाहीको बरहथवामा जयशंकर शाहको मृत्यु भएको घटनाको आयोगद्वारा अनुगमन शुरू वार्ता र संवादकै माध्यमबाट समस्याको समाधान खोज्न आग्रह । |
| ४७ | भूकम्प जोखिम न्यूनीकरण एवम् पूर्व तयारीमा जोड देऊ *सन्दर्भ : राष्ट्रिय भूकम्प सुरक्षा दिवस* |
| ४८ | मानव अधिकार उल्लंघनका उजूरीमाथि आयोगबाट भएका पहलहरुको संक्षिप्त विवरण |

| | |
|---|---|
| ४९ | काठमाडौं महानगर प्रहरीबाट व्यवसायीमाथि भएको भनिएको कुटपीटको अनुगमन |
| ५० | सहकारी पीडित बचतकर्ताहरुको माग सम्बोधन गर्न आग्रह अनसनरत कुशलव के.सी.को जीवन रक्षा गर । |
| ५१ | *सन्दर्भ : ५९औं अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवस (मार्च २१)* छुवाछूत तथा जातीय भेदभाव उन्मूलनमा सबै जिम्मेवार बनौं |
| ५२ | स्वच्छ तथा स्वस्थ वातावरणको हक सुनिश्चित गर |
| ५३ | आगलागी र डढेलोबाट नागरिकको जीउधनको सुरक्षा गर |
| ५४ | *सन्दर्भ : १३५औं अन्तर्राष्ट्रिय मजदूर दिवस (मे १)* श्रमिकका अधिकार सुनिश्चित गर । |
| ५५ | *सन्दर्भ : विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३)* प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर । |
| ५६ | रूस-युक्रेन प्रभावित नेपाली नागरिकको उद्धार गर उद्धारको माग राखी विगत १७ दिनदेखि आमरण अनसनमा बसेकाहरुको जीवन रक्षा गर्न आग्रह । |
| ५७ | अनसनरत व्यक्तिहरुको स्वास्थ्य अवस्थाप्रति संवेदनशील बन । |
| ५८ | प्रदर्शनकारीहरुमाथि भएको अत्याधिक बल प्रयोगको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण |
| ५९ | प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर छानविनलाई निष्पक्ष बनाऊ । |
| ६० | *सन्दर्भ : छुवाछूतमूक्त राष्ट्र घोषणाको १८ वर्ष* गम्भीर सामाजिक अपराधको रुपमा रहेको छुवाछूत तथा जातीय भेदभावको अन्त्य गर्न जिम्मेवार बन । |
| ६१ | *सन्दर्भ : विश्व वातावरण दिवस (जुन, ५)* स्वच्छ वातावरणको हक सुनिश्चित गर । |
| ६२ | जेष्ठ नागरिकलाई दुर्व्यवहार नगरौं |
| ६३ | विपद्को जोखिम न्यूनीकरणमा थप संवेदनशील बन |
| ६४ | निर्मला कुर्मीको घटना सम्बन्धमा आयोगद्वारा गृह मन्त्रालयलाई पत्राचार |
| ६५ | *सन्दर्भ : यातना पीडितहरुको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवस (जुन, २६)* यातना पीडितहरुको न्यायमा पहुँच सुनिश्चित गर । |

**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
नेत्रबहादुर गौतम